कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**प्रदेश अस्पताल**
**वीरेन्द्रनगर, सुर्खेत**

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**(सुचना प्रकाशित मितिः २०८२।०७।१४)**

यस अस्पतालबाट विभिन्न मितिमा तपसिलको खरिद कार्यका लागि बिद्युतीय बोलपत्र आव्हानको सुचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको कबोल रकम न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

| S.N. | IFB No. | Lowest Evaluated Firm | Amount (Without Vat) | Remarks |
|---|---|---|---|---|
| 1. | PH/Karnali/NCB-5/082-83, Procurement of Dialysis Commodities | G.H.Medihealth Concern Pvt. Ltd. Madhyapur Thimi, Bhaktapur | 64,90,500.00 | |
| 2. | PH/Karnali/NCB-06/082-83, Procurement of Surgical Items | Shivaz Medicine Concern, Nepalgunj, Banke | 61,75,460.00 | |
| 3. | PH/Karnali/NCB-07/082-83, Procurement of Medicine | Sambuddha Medico Pvt. Ltd, Bharatpur, Chitwan | 41,87,701.00 | |
| 4. | PH/Karnali/NCB-08/082-83, Procurement of Oxygen Gas Cylinder refill and delivery | Paban putra Traders, Birendranagar, Surkhet | Per Pic Rs. 625.00 | |
| 5. | PH/Karnali/NCB-09/082-83, Procurement of Supply & Installation of Compensator assay and Blade B Position detection board for 16 Slice CT Scanner Machine | Nidan MediSolutions Pvt. Ltd. Lazimpat, Kathmandu | 19,40,000.00 | |

अस्पताल निर्देशक


# प्रदर्शनमा ‘परान’

**हिमालय टाइम्स**
काठमाडौं, १३ कात्तिक

चलचित्र ‘परान’ प्रदर्शनमा आएको छ। शुक्रबार प्रदर्शन अन्तर्गत आजदेखि यो चलचित्र सिनेमाघरमा आएको हो। ‘सक्किगोनी’ फेम दीपकप्रसाद आचार्य (काकु) निर्देशित यो पहिलो चलचित्र हो, जसमा बुबा र छोराबीचको भावनात्मक कथा प्रस्तुत गरिएको छ। ‘परान’को बुकिङ खुला गरिएको छ। चलचित्रले देशभर उत्साहजनक शो पाएको छ।




चलचित्रमा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, बुद्धि तामाङ, यासेली योङ्हाङ, बबिन राई, पुष्पराज ओझा, सीमा काफ्ले, दमन रूपाखेती, यमन श्रेष्ठ, सुब्रतराज आचार्य, सुरेश थापा, विनोद राई, साथै बाल कलाकार आर्यदीप आचार्य र आरभजंग अधिकारी अभिनय गर्नुभएको छ। गोल्छा समूह तथा प्रिज्मा समूहको साझेदारी रहेको चलचित्र कम्पनी बाइस्कोप सिनेमा प्रालिले निर्माण गरेको हो।

चलचित्रका गीतमा निर्देशक दीपक आचार्यकै शब्द, रिदम कँडेलको संगीत रहेको छ भने प्रमोद खरेल, पुष्पन प्रधान र रचना रिमालले स्वर छ। छायांकन (डि.ओ.पी) शिवराम श्रेष्ठले गर्नुभएको हो भने सम्पादन मित्र डी.गुरुङ र कोरियोग्राफी सुनिल क्षेत्रीले गर्नुभएको छ।

यो चलचित्रको बिहीबार भव्य प्रिमियर गरिएको थियो। जहाँ दर्शकको सकारात्मक प्रतिक्रिया मिलेको थियो। पारिवारिक कथामा आधारित चलचित्र ‘परान’ले दर्शक आकर्षित गर्न ‘मेरो परान’ नामक प्रतियोगिताको घोषणा पनि गरिएको छ। प्रतियोगिताका विजेतालाई एक लाख नगद पुरस्कार प्रदान गरिने निर्माणपक्षले जनाएको छ।

निर्माणपक्षका अनुसार इच्छुक सहभागीले आफ्नो जीवनको ‘परान’को रूपमा रहेका व्यक्ति (जस्तै आमा-बुबा, श्रीमान्-श्रीमती, साथी, प्रेमी-प्रेमिका, दाजु-भाइ, दिदी-बहिनी आदि) सँगको तस्वीरमा ‘मेरो परान’ लेख्दै भावना व्यक्त गर्नुपर्नेछ र सो पोष्टलाई चलचित्रको आधिकारिक फेसबुक पेजमा ट्यांग गर्नुपर्नेछ।

सहभागीहरूमध्ये एकजना भाग्यशाली विजेताले गोलाप्रथामार्फत एक लाख रुपैयाँ जित्नेछन्, जबकि १०० जनाले चलचित्रको विशेष शोको टिकट पाउनेछन्। चलचित्रको प्रचारका लागि स्वयंसवकहरूले चलचित्रको क्यूआर कोडसहित शहरभर भ्रमण गरिरहेका छन्। क्यूआर स्क्यान गरी ‘परान’को ट्रेलर वा गीत शेयर गर्ने ५० जनाले कलाकारसँगै चलचित्र हेर्ने अवसर पाउनेछन्। यी दुवै प्रतियोगितामा कात्तिक २० गतेसम्म सहभागी हुन सकिनेछ।


# Amargadhi Municipality
## Office of Municipal Executive
**Tufandada, Dadeldhura**
**Sudurpaschim Province, Nepal**

**INVITATION FOR BIDS (IFB)**

**DATE OF PUBLICATION: - 2082-07-14 BS (2025-10-31 AD)**

1. **Amargadhi Municipality, Dadeldhura** invites electronic bids from eligible bidders for following works under National Competitive Bidding. Some of the qualifications criteria are mentioned below, through details are in the bidding document.

| SN | Contract No/Bid No | Description of Works | Bidding Procedure | Estimated Amount (Inclucding VAT but Excluding PS & Contingency) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | AM/DDL/ WORKS/ NCB/03-2082/083 | Construction of Buspark Malam Road, Amargadhi Municipality Ward No 01, Dadeldhura | Single Envelope | 40,89,116.13 | 92000 | 3000 | 2025-12-01 (2082-08-15) 12:00 Hours |

2. Bidder shall submit their bid electronically and download the bidding documents for e-submission form **www.bolpatra.gov.np/egp.**


# सामा–चकेवा पर्वले गुञ्जायमान सर्लाहीका गाउँघर

**प्रकाश मैनाली/हिटा**
सर्लाही, १३ कात्तिक

छठ पर्व सम्पन्न भएसँगै तराई-मधेसका गाउँघर अहिले सामा-चकेवा पर्वको उल्लासले गुञ्जायमान भएका छन्। सर्लाहीसहित मधेशका जिल्लाहरूमा दिदीबहिनीले आफ्ना दाजुभाइको दीर्घायु र सुख-समृद्धिको कामना गर्दै सामूहिक रूपमा यो पर्व मनाउन थालेका छन्। कार्तिक पूर्णिमासम्म मनाइने यो पर्व मिथिला संस्कृतिको अविभाज्य अंशका रूपमा लिइन्छ। छठ पर्वको मुख्य दिनको एक दिनअघि अर्थात् खर्नाको दिनदेखि सामा-चकेवा पर्वको सुरुवात हुने चलन छ।

यस अवसरमा दिदीबहिनीले रंगीन माटाका सामा, चकेवा, सुगालगायत प्रतिमाहरू सजाएर डलिया (बास्केट)मा राख्छन्। साँझपख गाउँका आँगन र टोलहरूमा भेला भई पारम्परिक गीत गाउँदै नाचगान गर्ने परम्परा रहँदै आएको छ। धार्मिक कथानुसार, भगवान् श्रीकृष्णकी छोरी सामालाई निरपराध हुँदाहुँदै आरोप लागेका घटनाको सम्झनामा यो पर्व मनाइन्छ। पक्षीहरूले सामाको निर्दोषिता प्रमाणित गरेको कथासँग यस पर्वको सम्बन्ध रहेको विश्वास गरिन्छ। त्यसैले सामा-चकेवा पर्वमा पक्षीको रूपक प्रयोग गरी अन्त्यमा ती प्रतीकात्मक पक्षीहरूलाई ‘बिदाइ’ गर्ने परम्परा छ।

यो पर्व करिब एक सातासम्म चल्ने गर्छ।



दिदीबहिनीहरू प्रत्येक साँझ सामा खेल्न भेला हुने, लोकगीत गाउँने र आपसी स्नेह साटासाट गर्ने गर्छन्। यस पर्वले दाजुभाइबीचको आत्मीय सम्बन्ध, सामाजिक एकता र मिथिला संस्कृतिको पहिचानलाई झनै सुदृढ बनाउने काम गरेको छ।

सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीका बजारहरू अहिले रंगीन माटाका सामा-चकेवा प्रतिमाले सजिएका छन्। स्थानीय कलाकार यस पर्वका लागि विशेष माटाका कलात्मक सामग्री बनाउन व्यस्त देखिन्छन्। सामा-चकेवा पर्वले मिथिला समाजमा भाइबहिनीबीचको प्रेम, आपसी सौहार्द र सांस्कृतिक एकतालाई बलियो बनाउँदै आएको स्थानीयहरूको भनाइ छ।


# Kispang Rural Municipality
## Office of Rural Municipal Executive
**Kahule, Nuwakot**
**Bagmati Province , Nepal**

**Invitation For Bids (Electronic Bid Only)**

**Date of Publication: 31st-Oct-2025-(14th Kartik 2082)**

1. Kispang Rural Municipality, invites bids from national eligible bidders for Item rate contract of following works:

| Contract Identification Number | Description and Location of Work | Bid Document Free (NRs) | Estimated Amount With Vat Including PS (NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period (day From the date of bid opening) | Remarks |
|---|---|---|---|---|---|---|
| KRM/NCB/ WORKS/ROAD/ 01/2082/083 | Upgrading of Bhalche besi hudai 1 number ward Karyalaya Sadak | 3000 | 1,74,59,539.88/- | 4,50,000/- | 120 days | |
| KRM/NCB/ WORKS/ROAD/ 02/2082/083 | Upgrading of Deurali Danda Nupathan Thangsinglung Thandapani Road | 3000 | 1,74,59,309.22/- | 4,45,000/- | 120 days | |
| KRM/NCB/ WORKS/ROAD/ 03/2082/083 | 4 No. Ward Karyalaya Bhalche besi Busyaang Sadak Istarunnati | 3000 | 1,93,98,804.90/- | 4,50,000/- | 120 days | |

2. Purchase, Submission and Opening

| SN | Purchase of Bid (Last Date/Time) | | Submission of Bid | | Opening of Bid | | Remarks/Contract Identification Number |
|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | |
| 1 | 01-12-2026 | 12:00 pm | 01-12-2026 | 12:00 pm | 01-12-2026 | 1:00pm | KRM/NCB/WORKS/ROAD/01/2082/083 |
| 2 | 01-12-2026 | 12:00 pm | 01-12-2026 | 12:00 pm | 01-12-2026 | 1:00pm | KRM/NCB/WORKS/ROAD/02/2082/083 |
| 3 | 01-12-2026 | 12:00 pm | 01-12-2026 | 12:00 pm | 01-12-2026 | 1:00pm | KRM/NCB/WORKS/ROAD/03/2082/083 |

3. Pre Bids Meeting

| Date | Time | Venue |
|---|---|---|
| 21-11-2025 | 12:00 PM | Kispang Rural Municipality Kahule, Nuwakot |

4. Tender procedures shall follow public procurement Act and public procurement Rules
5. Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of first class Bank Bid guarantee in the following Account within the date and time specified above.
6. A New Firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids
7. Any amendment in the notice or bid document will be posted in ppmo's e-bid portal (www.bolpatra.gov.np) and website of kispang RM.
8. The Employer reserves the right to accept or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administritive Officer**


# कथाकृति ‘रगतको मूल्य’ लोकार्पण

**हिमालय टाइम्स**
काठमाडौं, १३ कात्तिक

कथाकार होमशंकर बास्तोलाको नवीनतम् कथासंग्रह ‘रगतको मूल्य’ लोकार्पण गरिएको छ। सुनकोशी वाङ्मय प्रतिष्ठानद्वारा बिहीबार काठमाडौंमा एक विशेष कार्यक्रमबीच साहित्यकार श्रीओम श्रेष्ठ ‘रोदन’, प्रतिष्ठानका अध्यक्ष छविरमण सिलवाल, समालोचक आरएम डंगोल, समीक्षक प्रदीप सापकोटा र स्वयं लेखक बास्तोलाले संयुक्त रूपमा उक्त कृतिको लोकार्पण गर्नुभएको हो।

कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओमले कथा मानवजीवनकै अविभाज्य अंश भएको बताउँदै, ‘कथा नहुने मानिस संसारमा हुँदैन, तर त्यसलाई कसरी प्रस्तुत गर्ने भन्ने कुरा महत्त्वपूर्ण हो’, भन्नुभयो। उहाँले बास्तोलामा पाठकलाई अनुभूत गराउने र द्रवित पार्ने क्षमता रहेको जिकिर गर्नुभयो।

समालोचक डंगोलले ‘रगतको मूल्य’ समाजका यथार्थपरक कथाले भरिएको कृति भएको बताउनुभयो। ‘अधिकांश कथाको बुनोट यही समाज हो। कथाकारले विभिन्न दृष्टिविन्दु प्रयोग गरी सहज र स्वाभाविक प्रस्तुति दिएका छन्। कथाहरू समयसापेक्ष र समाजमुखी छन्’,उहाँको भनाइ थियो।

समीक्षक प्रदीपले पुस्तकमा लघु र मध्यम आयामका १९ वटा कथा समावेश रहेको जनाउँदै, ती



कथा सत्यका नजिक र जीवनका वास्तविक अनुभूति झल्काउने खालका रहेको बताउनुभयो। ‘बास्तोलाका कथाका पात्रहरू हाम्रै समाज र नातासम्बन्धका प्रतिनिधि जस्ता लाग्छन्। स्थानीय परिवेश र भाषिक लवजको प्रयोगले कथालाई जीवन्त बनाएको छ’, उहाँको भनाइ थियो। कथाकार बास्तोलाले आफ्नो रचना यात्रा जानकारी गराउनुभएको थियो। ‘समाजका हर्ष, पीडा, प्रेम, विकृति र विसंगतिलाई टिपेर कथा लेख्ने प्रयास गरेको हुँ। कथाका माध्यमबाट समाजको ऐना देखाउन चाहेको हुँ’, उहाँले भन्नुभयो।

कार्यक्रममा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, साझा प्रकाशनका भेषराज घिमिरे, साहित्यकार बोधराज पौडेललगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो। सुनकोशी वाङ्मय प्रतिष्ठानका अध्यक्ष छविरमण सिलवालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम सदस्य पूर्णबहादुर श्रेष्ठको सहजीकरणमा सम्पन्न भएको थियो।

# मीना राईको स्वरमा ‘ए सोल्टिनी’

**काठमाडौं/हिटा।** लोकप्रिय गायिका मीना राईको दुई गीत पर्व लक्षित ‘तिहार आयो’ र पूर्वेली कलासंस्कृति, मौलिक परम्परागत शैलिमा आधारित गीत ‘ए.सोल्टिनी’को भिडियो सार्वजनिक भएको छ। गायिका मीना राईलाई ‘ए...सोल्टिनी’मा निर्वाण नेचली राईले स्वरमा साथ दिनुभएको छ भने ‘तिहार आयो’ मा सञ्जय सुब्बा तुम्रोक, विक्रम राईले स्वरमा साथ दिनुभएको छ।

चोमु शेर्पा ‘खुशी’को शब्द, दीपक राई ‘बान्तवा’को संगीत सिर्जना रहेको ‘ए...सोल्टिनी’ गीतको भिडियोमा रेखा राई, रवि लामा, सौजन सेनेहाङ, शशिकला तामाङलगायत कलाकारको अभिनय छ।


**एनएमबि बैंक लिमिटेड,**
**बबरमहल, काठमाडौं फोन नः ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८२/०७/१४**

यस बैंकको निक्षेपकर्ता कृष्ण प्रसाद पौडेलको बुहारी, गंगाराम ढुङ्गेलको छोरी, शिवलाल पौडेलको पत्नी, ताप्लेजुङ जिल्ला, वरक, वडा नं ०६ स्थाइ ठेगाना भई हाल झापा जिल्ला, कमल गाउँपालिका, वडा नं ०३ बस्ने, वर्ष ८० को, श्रीमती **टंक माया पौडेल**को (ना.प्र.प.नं १४१२/१०२, जारी मिति २०३६/१२/१४, ताप्लेजुङ) को मिति २०८१/०६/१६ मा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको बुहारी **रुपा पौडेल**ले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको बुहारी **रुपा पौडेल**को हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।